# कुमाख राजपत्र

| | | | |
|---|---|---|---|
| खण्ड-६ | रागेचौर, सल्यान | संख्या-४ | कार्तिक १९, २०७९ |

# भाग-२

## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**<u>कुमाख गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७९</u>**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०७।०४

### १. परिचयः

ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिबृद्धि गर्न साथै राज्य द्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.स. १६ बमोजिमको कार्य गर्न कुमाख गाउँपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९ जारी गरिएको छ । यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरे पछि कुमाख गाउँपालिका भर तुरुन्त लागु हुने छ ।

### २. परिचय-पत्र वितरणका आधारहरुः

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

### ३.उद्येश्यः



कुमाख गाउँपालिका

क . ज्येष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकको लगत राख्ने ।

ख. नेपालको संविधान प्रदत्त ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग. प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

## ४. लक्षित वर्गः

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५ ज्येष्ठ नागरिकको वर्गीकरणः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएकोछ ।

(क) सत्तरी वर्ष उमेर पूरा नगरेका ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक,

## ६. परिचय पत्र वितरणका मापदण्डः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

## ७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः



कुमाख गाउँपालिका

ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ, साथै ज्येष्ठ नागरिक परिचय पत्र प्राप्तिका लागि पेश गरिने निवेदनको ढाँचा यसै निर्देशिकाको अनुसूची २ बमोजिम हुनेछ ।

## ८. <u>परिचय पत्र वितरण प्रकृया:</u>

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी (६०) वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले गाउँपालिकाको हकमा गाउँपालिकाको सम्बन्धित शाखा वा वडाको हकमा वडाका वडाध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदन साथ आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अन्य जिल्लाको नागरिकताको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि, तीन (३) प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ । उमेर प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी गाउँपालिकाको हकमा सम्बन्धित शाखाको शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी दिइएको कर्मचारी र वडाको हकमा वडा सचिव हुनेछ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेरमा कम्प्युटराइज गरी गाउँपालिकाको हकमा सम्बन्धित शाखा वा वडाको हकमा वडा कार्यालयमा राखी चौमासिक रुपमा कुमाख गाउँपालिकाको कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ । उक्त लगत गाउँ कार्यपालिकाको कार्यालय मार्फत बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारीको लागि पठाउनुपर्नेछ ।

(ब) ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपी लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित निवेदन पेश गर्नुपर्नेछ ।

## ९.<u>विविध:</u>

(क) ज्येष्ठ नागरिक परिचयपत्र वितरणको लागि थप कार्यविधि तथा स्पस्टता आवश्यक परेमा गाउँ कार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

कुमाख गाउँपालिका

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य कुनै दुविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ । यो निर्देशिका जारी हुनभन्दा अघि जारी भएका ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धी कार्य यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

कुमाख गाउँपालिका

# अनुसूची १

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

## ज्येष्ठ नागरिक परिचय-पत्र

परिचय पत्र नं. .......

नाम थर................................

ना.प्र.नं. ...........................जारी भएको जिल्ला.......................................

स्थाई ठेगानाः जिल्ला...................................न.पा............ वडा नं..............टोल ............................... उमेर.........................लिङ्गः महिला / पुरुष / अन्य........

उपलब्ध छुट तथा सुविधाहरु...........................................

पति /पत्नी कोनाम, थर...........................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण..............................

संरक्षकको नाम...................................ठेगाना..................सम्पर्क नं. ...............................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम........................................

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखतः..............................

नाम थरः.............................

पदः....................................

कार्यालयः.............................

कुमाख गाउँपालिका

कृपया यो परिचय-पत्र कसैले पाएमा सम्बन्धित नगरपालिका, वडा कार्यालय वा प्रहरी कार्यालयमा बुझाईदिनुहोला ।

## Senior Citizen Identity Card

Card No……………………………

Name……………………………………..

Citizenship No……………………………………

Age……………….. Gender: Male / Female / Other…………. Married/Unmarried

Address: Province…………….......District……………………Local Level………………….. Ward no….

Blood Group…………

Contact No………………………….

Available Discount and Services…………………………………………

ID card Approved by

Signature……………………………
Name………………………………….
Designation……………………….
Date

"If somebody finds this ID card, please deposit this in the nearby police station or rural municipality office"

कुमाख गाउँपालिका

## अनुसूची २

## (निवेदन पत्र)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,
मार्फत कुमाख गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय रागेचर सल्यान

मितिः

विषयः ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम म....................................ज्येष्ठ नागरिक भएको हुँदा ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा कुमाख गाउँपालिका ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७६ मा व्यवस्था भए बमोजिम सोही निर्देशिकाको अनुसूची २ बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराई पाउँभनी तपशिलको व्यक्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेकोछु।

१ ज्येष्ठ नागरिकको व्यक्तिगत विवरणः

क. नाम थरः................................ लिङ्गः महिला / पुरुष / अन्य........

ख. वावुको नाम थर...............................

ग. पति/पत्नीको नाम थरः.............................

घ. जन्म मितिः........................

ब. जन्म स्थानः जिल्ला .........................

च. स्थायी ठेगानाः कुमाख गाउँपालीका वडा नं ...........टोल ..........................

छ. ना.प्र. प नं. .......................( जारी जिल्ला)............................

ज.स्वास्थ्य सम्बन्धी विवरणः (कुनै विशेष रोग भए उल्लेख गर्ने) ..........................................................................

२. ज्येष्ठ नागरिकको पारिवारिक विवरणः

क. जम्मा सन्तान संख्याः .........,ख.छोरा ........ ग. छोरी ....... घ. अन्य........जना ।

ब. हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः

३. शैक्षिक योग्यता...................... ४. पेशागत दक्षताः..................... .५ अनुभवको क्षेत्र.......................

६ .ज्येष्ठ नागरिकको सम्पत्ती विवरणः  क. चल सम्पत्ती...........................ख. अचल सम्पत्ती....................

७. सम्पर्क व्यक्तिको सम्पर्क नम्बरः..................................

पेश गरिएका कागजातहरुः

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख.बाह्य जिल्लाको नागरिकता भए बसाइसराई प्रमाण -पत्रको प्रतिलिपि वा भोटलिष्ट कार्डको प्रतिलिपि ।

निवेदकः

दस्तखतः

नाम थरः

**आज्ञाले**

**राजेन्द्र कुमार चन्द**

**प्रमुख प्रशासकीय अधिकृत**

कुमाख गाउँपालिका